# रोजगार प्रबर्द्धन कार्यक्रम बजेट उपशिर्षक : ३७१००१०१ सुरक्षित आप्रवासन (सामी) कार्यक्रम

## आ.व.२०८०/०८१ बार्षिक प्रगति प्रतिवेदन: श्रावण देखि असाढ सम्म



| पेश गर्ने | प्राप्त गर्ने स्थानीयतहहरू: |
| --- | --- |
| वसन्ता पुन<br>कार्यक्रम संयोजक<br>आप्रवासी श्रोत केन्द्रको सचिवालय<br>घोराही उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, घोराही दाङ | • घोराही उपमहानगरपालिका<br>• तुलसीपुर उपमहानगरपालिका<br>• लमही नगरपालिका<br>• बबई गाउँ पालिका |

## १. नेपालमा श्रम आप्रवासनको अवस्था र दाड. जिल्लाको स्थिति :

नेपाल सरकार श्रम ,रोजगार र सामाजिक सुरक्षा मन्त्रालयबाट प्रकाशित आप्रवासन रिपोर्ट २०२३ का अनुसार, नेपालको युवा जनसंख्याको ठुलो हिस्सा वैदेशिक श्रम रोजगारीमा आश्रित पाइन्छ। आप्रवासी कामदाहरुले पठाएको रेमिट्यांन्सले देशको कुल ग्राहस्थ्य उत्पादनको एक चौथाइ भन्दा बढि योगदान देखिएता पनि नेपाल फर्किएका आप्रवासी कामदारहरुको महत्वपुर्ण अनुभव, सीप र प्राविधिक ज्ञानको सहि लाभ लिन सकिएको छैन। सरकारले पनि युवाहरुलाई श्रम आप्रवासनको लागि उत्प्रेरित गरेको झै देखिन्छ। सन् २००० को दशकको सुरुवाद देखि नै नेपालको श्रम आप्रवासन बढ्दो क्रममा रह्यो।। श्रम रोजगारीका लागि खाडी मूलुकहरु र मलेशिया मुख्य गन्तब्य देशहरु रहेका छन्। वैदेशिक रोजगार विभागको तथ्यांक अनुसार सन १९९३।०९४ मा श्रम स्वीकृति लिनेको संख्या ३,६०५ थियो। एक दशक पछि सन २००३।००४ मा यो संख्या १,०६,६६० पुग्यो र २०१३।१४ मा ५,१९,६३८ पुग्यो। यो नै उच्तलम विन्दुमा पुगेको अवस्था देखियो।यस पछि सन २०१७ र २०१८ मा क्रमस: ३,५४,०९८ र २,३६,२०८ रहेको थियो। श्रम आप्रवासनमा ८० प्रतिशत भन्दा बढि पुरुषहरु रहेका पाइन्छ। ४५ प्रतिशत भन्दा बढि अदक्ष कामदारको रुपमा वैदेशिक रोजगारीको लागि गएको देखिन्छ। वैदेशिक रोजगारीबाट फर्किए पछि पुन वैदेशिक रोजगारी लाई नै रोज्ने प्रवृति नेपाली युवाहररुमा देखिन्छ। सन् २०१९ डिसेम्बर पछि विश्व ब्यापी माहामारीको रुपमा फैलिएको कोभिड १९ को महामारीबाट विश्व नै प्रभाव विश्वको अर्थतन्त्रमा नकारात्मक असरहरु हाल सम्मरही रहेको छ, यसको असर कहिले सम्म देखिने हो अनिश्चित छ। नेपालबाट श्रम स्वीकृत लिएर बैदेशिक रोजगारमा जानेको संख्या ७७ लाख नाघिसकेको छ। बैदेशिक रोजगार विभागको हाल दैनिक सरदर २,००० जना वैदेशिक रोजगार जाने गरेका छन्। आ.व २०८०/०८१ नेपालबाट श्रम स्वीकृति लिनेको संख्या **७,४४,३७७** पुगेको छ र दाङ जिल्लामा २०८०/०८१ मा **१६,१७४** जनाले पुन:श्रम स्वीकृति र नयाँ श्रम स्वीकृति लिएर बैदेशिक रोजगारमा गएका छन्। विदेश जानेहरुका लागि पनि रोजगारी अवसरहरु नआउने परिस्थितिको निर्माण भइरहेको परिप्रेक्षमा फर्किएका युवाहरुलाई स्वदेशमामा रोजगारीको सिर्जना गर्नु साथै स्वरोजगारीमा प्रोत्साहन गर्नु पर्ने देखिन्छ। यसका लागि सबै तहका सरकारहरुले आफ्ना निति तथा कार्यक्रमहरुमा यस विषयलाई सम्बोधन गर्नू अति नै अपरिहार्य रहेको छ।

## २. सामी कार्यक्रमको परिचय:

वैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित एवं शोषण रहित बनाउन सुरक्षित आप्रवासन (सामी) कार्यक्रम नेपाल सरकार र स्वीस सरकार बीच भएको द्विपक्षीय सम्झौता अन्तर्गत श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको नेतृत्वमा स्थानीय सरकारहरुद्धारा नेपाल को ३८ जिल्ला को १५६ वटा स्थानीय तहमा स्वीस सरकार विकास सहयोगको तर्फबाट हेल्भेटास नेपालले प्राविधिक सहयोग उपलब्ध गराउदै आएको छ। सुरक्षित आप्रवासन(सामी) कार्यक्रम दाङ जिल्लाका चारवटा स्थानीय तहहरु घोराही उपमहानगरपालिका, तुलसीपुर उपमहानगरपालिका, लमही नगरपालिका र बबई गाउँपलिकाद्वारा संचालन भैरहेको छ। नेपालको संविधानको अनुसुची ८ र ९ बमोजिम स्थानीय सरकारलाई रहेको क्षेत्राधिकार र स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११ को (२)उपदफा थ अनुसूचि ८ (१७) बमोजिम स्थानीय तहलाई प्राप्त जिम्मेवारी पुरा गर्न तथा स्थानीय तहहरुले आफ्नो

क्षेत्रका युवाहरुको वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र लाभदायक बनाउन वान्छनिय देखियको छ । साथै वैदेशिक रोजगारीको सवालको गाम्भिर्यता, कार्यक्रमको क्रियाकलाप तथा उपलब्धिलाई मध्यनजर गर्दै सुरक्षित

आप्रवासन सामी कार्यक्रम वैदेशिक रोजगारीका सिलसिलामा विदेश जाने युवाहरुलाई सुरक्षित वैदेशिक रोजगारीका लागि सूचना प्रदान गर्ने आप्रवासी श्रोत केन्दलाई निरन्तरता दिन, **सकेसम्म स्वदेशमै रोजगारी गरौ, वैदेशिक रोजगारीमा जानेनै भए सहि सूचना लिएर र सिप सिकेर मात्र जाऊ** भन्ने मुलमंत्रका साथ दाङ जिल्लाको चारवटै स्थानीय तहहरु घोराही उपमहानगरपालिका, तुलसीपुर उपमहानगरपालिका, लमही नगरपालिका र बबई गाउँपलिका र सामी कार्यक्रम सहयोग ईकाई बीच भएको समझदारी **(Memorandum of Understanding)** पत्र अनुरुप कार्यन्वयन भैरहेको छ ।

- **लक्ष्य:**
    - वैदेशिक रोजगारमा रहेका नेपाली कामदार र तिनका परिवार राज्य संयन्त्रबाट संरक्षित तथा गन्तव्य मूलुकमा मर्यादित कार्य वातावरणबाट लाभान्वित हुनेछन् ।
- **उद्देश्य:**
    - वैदेशिक रोजगारमा रहेका कामदार र कामदारका परिवारको उचित संरक्षण गर्ने।
    - गन्तव्य मुलुकमा सुरक्षित र सम्मानजनक रुपमा काम गर्न सक्ने गरी कामदारलाई सूचना, सीप, परामर्श लगायतका सहयोग प्रदान गर्ने।
    - वैदेशिक रोजगारमा सम्बद्ध निकायहरुको क्षमता अभिवृद्धि गरी वैदेशिक रोजगारलाई थप उपलब्धिमूलक बनाउने।
- **लक्षित वर्ग:**

१. वैदेशिक रोजगारीमा जाने सम्भावित कामदार ।

२. वैदेशिक रोजगारीमा रहेका कामदार ।

३. वैदेशिक रोजगारीमा रहेका कामदारका परिवारका सदस्याहरु ।


- **अपेक्षित उपलब्धी:**

**उपलब्धी १:** वैदेशिक रोजगारीमा रहेका महिला तथा पुरुष कामदार र तिनका परिवार तथा सीमान्तकृत समुदायको वैदेशिक रोजगारीबाट प्राप्त हुने प्रतिफल (लाभ) मा वृद्धि हुनुका साथै लागत (सामाजिक) न्यूनीकरण भएको हुनेछ ।

**उपलब्धी २:** राज्यका तीन वटै सरकारी संयन्त्रको प्रभावकारी प्रयोग गरी वैदेशिक रोजगारीमा रहेका कामदार र तिनका परिवारको उचित संरक्षण भएको हुनेछ ।

- **<u>कार्यक्रमको समयावधि:</u>** भदौ २०७५ - असार २०७९ (तेस्रो चरण) भएता पनि **श्रावण २०७९असार - २०८१** (२ वर्ष Extension Phase) रहेको छ ।

**कार्यक्रम सञ्चालन भएका जिल्लाहरू:**





## ३. <u>प्रतिवेदनको उदेश्य:</u>

यस सुरक्षित आप्रवासन (सामी) कार्यक्रम दाङ जिल्लाका चार वटा स्थानीय तहहरु घोराही उपमहानगरपालिका, तुलसीपुर उपमहानगरपालिका, लमही नगरपालिका र बबई गाउँ पालिकामा सघनरुपमा संचालन भैरहेको छ। कार्यक्रम अन्तरर्गत बर्ष भरि गरिएका क्रियाकलापहरुको जानकारी स्थानीय तहहरु लागाएत सरोकारवालालाई जानकारी गराउने उदेश्यले यो प्रतिवेदन तयार पारिएको छ । यो प्रतिवेदन कार्यक्रम अन्तगत गरिएका क्रियाकलापहरुको बिश्लेषण, अनुसन्धान र अनुगमन गरि निष्कर्षहरु प्रस्तुत गरिएको छ। यस प्रतिवेदनले स्थानीय भाबी योजना बनाउन, निर्णय प्रकृयालाई सहजीकरण गर्न र नीतिगत निर्णय गर्न सहयोगी भूमिका निर्वाह गर्ने छ।

## ४. प्रतिवेदनको अवधि: २०८० श्रावन १ देखि २०८१ असाढ मसान्त सम्म रहेको छ।

## ५. कार्यक्रमका मुख्य क्षेत्रहरु :




### ५.१ सुचनामा पहुँच :

वैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित एवं शोषण रहित बनाउन स्थानीय स्तरबाटनै नेपाल सरकार र राष्ट्रिय तथा अन्तराष्ट्रिय सरोकारवाला निकायहरुले जारी गरेका सुचनाहरुको वारेमा जानकारी गराउने, सूचना प्रबाह गर्ने उदेश्यले जिल्लाका पासपोर्ट जारी गर्ने निकायहरु **जिल्ला प्रशासन कार्यालय** तथा **ईलाका प्रशासन कार्यालय**हरुमा बैदेशिक रोजगारी जाने उदेश्यले राहदानी बनाउन आएका व्यक्तिहरुलाई सुरक्षित बैदेशिक रोजगारीका लागी आप्रबासी स्रोत केन्द्र तथा उप केन्द्रहरुले (MRC/ Sub MRC) सुरक्षित बैदेशिक रोजगार सम्वन्धी सूचना प्रदान गरिरहेका छन्। आप्रबासी स्रोत केन्द्र तथा उप केन्द्रहरुले दिने सेवाहरुमा बिदेशमा कामगर्न जानु पूर्व बुझ्नुपर्ने कुराहरु, सिप तालिम, श्रम स्वीकृतिका कागजात तथा पसवर्ड र युजर आईडी को सुरक्षा, **visa verificarion, labor approvial and Labor demand cheak, ligal manpower company** तथा नेपाल सरकारले खुला गरेका देशहरुको बारेमा जानकारी लगायतका बैदेशिक रोजगारसंग सम्वन्धीत विभिन्न सूचना प्रभावकरी तरिकाले प्रभाह गर्ने। दाङ जिल्लामा तिन वटा स्थानहरुवाट राहदानी वितरण हुने भएको हुँदा जिल्ला प्रशासन कार्यालय घोराहीमा आप्रवासी स्रोत केन्द्र,


ईलाका प्रशासन कार्यालय तुलसीपुर र  ईलाका प्रशासन कार्यालय लमहीमा आप्रबासी स्रोत उप केन्द्रहरुले सेवा प्रवाह गरिरहेका छन् ।

- समुदाय स्तरमा सचेतना  पुर्याउने उदेश्यले बैदेशिक रोजगारीमा रहेर फर्किएका व्यक्तिहरु रिटर्नी स्वंम सेवककोरुपमा परिचालन गरिएको छ । उनीहरुले आफ्नो कार्यक्षेत्रभित्र रहेका वडाहरुमा बैदेशिक रोजगारमा जान चाहने व्यक्तिहरु सूचना प्रदान तथा बैदेशिक रोजगारीको कारणले समस्यामा परेकालाई आप्रबासी स्रोत केन्द्रहरुसंग समन्वय गराउने र  समुदाय स्तरमा गरिने सुरक्षित बैदेशिक रोजगार सम्वन्धी अभिमुखीकरण कार्यक्रममा सरोकारवाला जनसहभागिता जुटाउन समन्वयकरी भूमिका निर्वाह गर्ने ।


### ५.१.१ सुचनामा पहुँच अन्तर्गत गरिने क्रियाकलापहरु:



## ५.१.२ आप्रवासन स्रोत केन्द्र ( सहायता कक्ष )  वाट प्रदान गरिएका सेवा (सूचना) प्रवाह:




वैदेशिक रोजगारीमा जनाको लागि जिल्ला प्रशासन कार्यालय घोराही, ईलाका प्रशासन कार्यालय तुलसीपुर र लमहीमा राहदानी बनाउन आएका व्यक्तिहरुलाई सुरक्षित वैदेशिक रोजगार सम्वन्धी सूचना प्रवाह तथा वैदेशिक रोजगारमा जानको लागि विभिन्न ( भिषा जांच, वैदेशिक रोजगार सम्वन्धी आधिकारिक सुचना, छात्रवृत्ति सम्वन्धी जानकारी, नेपाल सरकारले श्रम स्वीकृतिका लागि खुला गरेका देश) लगाएतका सूचना  प्रवाह गरेको विवरण:




## ५.१.३ आप्रवासन स्रोत केन्द्र ( सहायता कक्ष )  वाट प्रदान गरिएका सूचना प्रवाह मध्ये कम्तिमा १० % लाई फोन फ्लोअप:


आप्रवासी स्रोतकेन्द्र / उपकेन्द्रमा सुचना लिन आएका सेवाग्राहीहरु मध्ये कम्तिमा १० % लाई फोन फलोअप गर्नुपर्ने हुन्छ । फोन फ्लोअपमा सेवाग्राहीहरुले सुचना लिई सके पछाडि वैदेशिक रोजगारीमा जाँदा घर परिवारलाई एक कागजातहरुको प्रतिलिपि छोडेको छ कि छैन ? सिप तालिम लिएर वैदेशिक रोजगारमा गएको हो होइन ? नेपालमै काम सुरु गर्न थालेको लगाएतका विवरण लिने गरिन्छ, जस्ले आप्रवासी स्रोत केन्द्रहरुले प्रवाह गरेका सुचनाको प्रभावकारितालाई मापन गर्ने गर्दछ ।

**तालिका नं.१ यस आर्थिक बर्षमा प्रदान गरिएका जम्मा सेवाग्राही २२१०४ मध्ये गरिएको फोन फ्लोअप विवरण:**

| विवरण | जम्मा | % |
|---|---|---|
| जम्मा फोन गरेको संख्या | २५५१ | १२ |
| वैदेशिक रोजगारीमा गएको संख्या | २७४ | ११ |
| सिप तालिम लिएर बैदेशिक रोजगारीमा गएको संख्या | १८४ | ६७ |
| कागजपत्र छोड्नेको संख्या | २६९ | ९८ |
| पैसा तिरेको भरपाई माग्नेको संख्या | २७४ | १०० |
| वैदेशिक रोजगारीमा नजाने निर्णय गरेको संख्या | ४२ | २ |
| नेपालमै काम सुरु गरेको संख्या | १२९८ | ५९ |

## ५.१.४ रिटर्नी स्वयं सेवक परिचालन ( सूचना प्रवाह):

कार्यक्रम संचालन भएका स्थानीय तहहरुमा ३/३ जनाका दरले वैदेशिक रोजगारीवाट फर्किएका व्यक्तिहरुलाई रिटर्नी स्वंम सेवकको रुपमा परिचालन गरिएको छ । आफ्नो/आफ्नो स्थानीय तहको समुदाय स्तरमा घर भेटघाट र समुदायमा रहेका बिभिन्न खालका समुहहरु ( आमा समूह, वन समुह, कृषि समुह) मा सुरक्षित वैदेशिक रोजगार सम्वन्धी सूचना प्रवाह गर्ने, ठगि तथा वैदेशिक रोजगारीको क्रममा समस्यामा परेको खण्डमा पाएक पार्ने आप्रवासी स्रोत केन्द्र/ उप केन्द्रमा रिफर गर्ने, घर भेटघाटको क्रममा वैदेशिक रोजगारमा गएका व्यक्तिका परिवारका सदस्यहरुमा मनोसामाजिक समस्या देखिएको संका लागेमा मनोसामाजिक सेवाको लागि सिफारिश गर्ने लगायतका क्रियाकलापहरु हुने गर्दछन् ।




## ५.१.५. समुदाय सचेतिकरण तथा सशक्तिकरण :

वैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित, भरपर्दो र उपलाब्धि मुलक बनाउनको लागि कार्यक्रमले समुदाय, पालिका र जिल्ला स्तरिय विभिन्न खालका सचेतीकरण तथा सशक्तिकरण कार्यक्रमहरु संचालन गर्दै आएको छ । यि क्रियाकलापहरुले समुदायमा रहेका वैदेशिक रोजगारीमा जान चहाने व्यक्तिहरु, वैदेशिक रोजगारीमा गएका व्यक्तिका परिवारका सदस्यहरु, समुदायका अगुवा/टोल विकास संस्थाका पदाधिकारीहरु, जनप्रतिनिधिहरु, वडा/पालिका स्तरिय कर्मचारीहरु तथा जिल्लामा रहेका प्रहरी/ पत्रकार लगाएतका सरोकारवाला निकायहरुलाई अभिमुखाकरण संचालन गरिएको छ। यि कार्यक्रमहरु मध्ये ससर्त अन्तर्गत र स्थानीय तहहरुले स्वयंले बजेट बिनियोजन गरेर संचालन गरिएको थियो।

**तालिका नं.२ जिल्ला तह, स्थानीय तह र समुदाय स्तरमा संचालन गरिएका सामुदायिक सचेतीकरण तथा सशक्तिकरण अन्तरगत गरिएका क्रियाकलापहरु:**

| क्र.स | कार्यक्रमको नाम | इकाई | कार्यक्रमको लक्ष्य तथा प्रगति | घोराही उपमहानगर | तुलसीपुर उपमहानगर पालिका | लमही नगरपालिका | बबई गाउँपालिका | अन्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | **लक्ष्य** | **प्रगति** | **पालिका** | | | | |
| | बैदेशिक रोजगारीमा जान चाहने सम्भावित कामदारहरुलाई गहन अभिमुखीकरण कार्यक्रम | संख्या | ८ | ८ | २ | २ | २ | २ | - |
| | समुदाय अभिमुखीकरण कार्यक्रम | संख्या | १६ | १७ | ४ | ४ | ५ | ४ | - |
| | सुरक्षित वैदेशिक रोजगार सम्वन्धी पत्रकारहरुसँग अन्तरक्रिया कार्यक्रम | संख्या | १ | १ | १ | - | - | - | - |
| | सुरक्षित वैदेशिक रोजगार सम्वन्धमा प्रहरीसँग अन्तरक्रिया कार्यक्रम | संख्या | १ | १ | १ | - | - | - | - |
| | समुदायका अगुवाहरुलाई आप्रावसनको असर तथा प्रभाव, | संख्या | १ | १ | १ | - | - | - | - |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | कामदारलाई सामाजिक बहिस्करण र प्रभाव न्यूनिकरण | | | | | | | | | |
| | स्थानीयतहमा मनोसामाजिक विषयको दिगोपनको लागि अन्तरक्रिया कार्यक्रम | संख्या | ४ | ४ | १ | १ | १ | १ | - | |
| | सुरक्षित वैदेशिक रोजगारको सवालमा स्थानीय जनप्रतिनिधीहरुसँग अन्तरक्रिया कार्यक्रम | संख्या | ४ | ४ | १ | १ | १ | १ | - | |
| | स्थानीय तहको विषयगत शाखा जस्तै स्वास्थ) शाखाका स्दस्यहरु ( सँग अन्तरक्रिया | संख्या | १ | १ | १ | - | - | - | - | |
| | सुरक्षित बैदेसिक रोजगारका विभिन्न सवालहरुमा रेडियो जिगंल प्रशारण | संख्या | १ | ४ | १ | १ | १ | १ | - | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | अन्तराष्ट्रिय आप्रवासन दिवस | संख्या | १ | ५ | २ | १ | १ | १ | - | |
| | स्थानीय आप्रावसी कामदारहरुको संजाल सदस्यहरूको वैठक तथा पैरवी कार्यक्रम | संख्या | २ | ४ | ४ | - | - | - | - | |
| | सामी कार्यक्रम कर्यान्वियनको लागि स्थानीय सरकार कार्यक्रम व्यवस्थापन समितिको वैठक पालिकास्तरीय | संख्या | ४ | ४ | १ | १ | १ | १ | - | |
| | आप्रावसी कामदारहरुको संजालको क्षमता अभिवृद्धि जिल्ला ) ,तह स्थानीय तह( | संख्या | ६ | ६ | २ | १ | १ | १ | - | |
| | आप्रवासी स्रोत केन्द्र र जिल्ला प्रशासन कार्यालयको प्रतिनिधि, स्थानीय | संख्या | ४ | ४ | २ | २ | - | - | - | |


| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | तहको प्रतिनिधि र सामीका कर्मचारी बीच समन्वय वैठक | | | | | | | | | |
| | रोजगार सेवा केन्द्र संगको सहकार्य | संख्या | १ | १ | १ | - | - | - | - | |
| | स्थानीय तहको श्रम तथा रोजगार हेर्ने शाखाको सवलीकरण | संख्या | २ | २ | १ | १ | - | - | - | |
| | स्थानीय सरकार कार्यक्रम समन्वय समितिको वैठक | संख्या | २ | २ | २ | - | - | - | - | |
| | सम्बन्धित सरोकारवालाहरूबाट कार्यक्रम अनुगमन तथा मुल्यांकन | संख्या | ८ | १२ | ६ | २ | २ | २ | | |
| | जिल्ला स्तरिय संजाल, नगरपालिका प्रमुखउप प्रमुख र/ प्रमुख जिल्ला | संख्या | - | १ | १ | - | - | - | - | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | अधिकारी संगको समन्वय बैठक | | | | | | | | | |
| | टोल विकास सस्था का पदाधिकरिहरुलाई सुरक्षित | संख्या | - | ३ | ३ | - | - | - | - | |
| | **जम्मा** | | **६७** | **८१** | **३४** | **१७** | **१५** | **१४** | | |


## ५.२ न्यायमा पहुँच (कानुनी सहजीकरण):

बैदेशिक रोजगारीको क्रममा स्वदेश तथा बिदेशमा विभिन्न समस्या( पासपोर्ट तथा पैसा लिएर बैदेशिक रोजगारीमा नपठाउनु, बैदेशिक रोजगारीमाकम पठाए पनि भनेको काम, कम्पनी तथा तलब तलब नपाउनु, जेल पर्नु ईत्याआदी) मा परेका व्यक्तिहरुलाई न्यायको लागी सम्वन्धीत निकायमा सिफारिस गर्ने, बैदेशिक रोजगारीको क्रममा मृत्यु भएकाहरुको लागी शब झिकाउने तथा आर्थिक सहयता, उद्दार र छात्रवृत्तिका लागी बैदेशिक रोजगार लगायतका सरोकारवाला निकायहरुसंग समन्वय गरी पिडितलाई न्यायको लागी सहजीकरण गर्ने लगाएतका कार्यहरु गर्दछ ।

**चित्र नं. १ आप्रवासी स्रोतकेन्द्रमा दर्ता भएका वैदेशिक रोजगार सम्वन्धी समस्याका प्रकारहरु:**



चार्ट नं. ३ वैदेशिक रोजगार सम्वन्धी आप्रवासी स्रोत केन्द्रले गरेको सहजीकरण




तालिका नं.३ आप्रवासी स्रोत केन्द्रको सहजीकरणमा प्राप्त आर्थिक सहायता रकम

| स्थानीय तहको नाम | मृत्यु आर्थिक सहायता रकम | बैदेशिक रोजगारीको क्रममा बिरामी/अंगभंग आर्थिक सहायता रकम | वैदेशिक रोजगारीमा गएको व्यक्तिका परिवारका सदस्यहरुलाई उपचार खर्च | वैदेशिक रोजगारीको क्रममा ठगि रकम फिर्ताको लागि सहजीकरण |
|---|---|---|---|---|
| घोराही उपमहानगरपालिका | रु.१,२१,२६,८३३/- | रु. ६,६०,०००/- | रु. २,२५,०००/- | रु. ७०,३४,०००/- |
| तुलसीपुर उपमहानगरपालिका | रु. ६४,००,०००/- | रु. २३,४५,०००/- | रु. ५०,०००/- | रु. ४,००,०००/- |
| लमही नगरपालिका | रु. ४३,००,०००/- | ० | ० | रु. ११,००,०००/- |
| बबई गाउँपालिका | रु. ४२,७५,०००/- | ० | ० | रु.११,००,०००/- |
| अन्य | रु. २८,५०,०००/- | रु. ५४,०५,००० | ० | रु. १,००,०००/- |
| जम्मा | रु. २,९९,५१,८३३/- | रु. ८४,१०,००० | रु. २,७५,०००/- | रु. ८,६३,४०००/- |

## ५.३ सीपयुक्त जनशक्तिको विकास:


बैदेशिक रोजगारीमा जाने मनसायले राहदानी बनाएका तथा आवेदन दिएका युवाकालागी सुरक्षित आप्रवासन सामी कार्यक्रम अन्तर्गत महिला तथा पुरुषहरुको लागी संचालन भएका तालिमहरु( पुरुष(१९-३८ बर्ष) स्कफोल्डर, मेसन, प्लम्बर, सटरिंग कार्पेन्टर, इन्डस्ट्रियल इलेक्ट्रिसियन, किचन हेल्पर, पाइप फिटिंग, स्टिल फिक्सर/ बर्बेदर, एल्मुनियम फेब्रिकेटर र महिला (१९-३५ बर्ष) हरुको लागी गार्मेन्ट मेसिन अपरेटर र हाउसकिपर/ किल्नर ) मा सिफारिस गर्ने।

**तालिका नं. ४ आप्रवासी स्रोत केन्द्रले सामी कार्यक्रम अन्तर्गत संचालन भएका सिप मुलक तालिमहरुमा सिफारिस गरेको संख्या:**

| स्थानीय तहको नाम | सिप तालिममा सिफारिस संख्या | | जम्मा |
|---|---|---|---|
| | महिला | पुरुष | |
| घोराही उपमहानगरपालिका | ३१ | २५ | ५६ |
| तुलसीपुर उपमहानगरपालिका | १५ | १२ | २७ |
| लमही नगरपालिका | ७ | ८ | १५ |
| बबई गाउँपालिका | १ | २ | ३ |
| **जम्मा** | **५४** | **४७** | **१०१** |

## ५.४ मनोसामाजिक परामर्श सेवा:

बैदेशिक रोजगारीको क्रममा स्वदेश तथा बिदेशमा विभिन्न समस्या ( पासपोर्ट तथा पैसा लिएर बैदेशिक रोजगारीमा नपठाउनु, बैदेशिक रोजगारीमाकम भनेको काम, कम्पनी तथा तलब नपाउनु, जेल पर्नु ईत्याआदी) मा व्यक्तिहरु, बैदेशिक रोजगारीको मृत्यु भएका व्यक्तिका परिवारहरुमा बैदेशिक रोजगारमा रहेका व्यक्तिका परिवारहरुलाई विभिन्न खालका लगाउने तथा नकारात्मक टिका गर्ने तथा बाबु आमालाई पैसाको मात्र छोराछोरीको मतलब नगर्नु लगायतका





पठाए पनि तलब परेका क्रममा तथा आरोप टिप्पणी चिन्ता भै

कारणले सामाजिकरुपमा एक्लो हुनु, आत्मग्लानी महसुश, पिर चिन्ता र तनाब हुनु, दैनिक जिवन यापनमा कठिनाई हुनु तथा आत्महत्याको प्रयास गर्नु, लगायतका मनोसामाजिक समस्याहरुलाई न्युनीकारण गर्नको लागी मनोसामाजिक परामर्श सेवा प्रदान गरिएको छ ।

**तालिका नं.५ मनोसामाजिक परामर्श सेवा प्रदान गरिएको विवरण**

| स्थानीय तहको नाम | इकाई | पहिचान गरिएका समस्या | समाधान भएका | प्रकृयामा रहेका | सेवा पुरा नभएको |
|---|---|---|---|---|---|
| घोराही उपमहानगरपालिका | संख्या | ३१ | २७ | २ | २ |
| तुलसीपुर उपमहानगरपालिका | संख्या | ३३ | २९ | १ | ३ |
| लमही नगरपालिका | संख्या | ३१ | २७ | १ | ३ |
| बबई गाउँपालिका | संख्या | ३० | २९ | ० | १ |
| **जम्मा** | | **१२५** | **११२** | **४** | **९** |




**चित्र नं. २ मनोसामाजिक समस्याको प्रवृत्ति**


## ५.५ वित्तीय साक्षरता :

नेपालको सन्दर्भमा विप्रेषणले महत्वपुर्ण भूमिका खेलेको छ तर पनि वैदेशिक रोजगारी बाट प्राप्त विप्रेषण उचित प्रयोग मार्फत दिगो विकास गर्नु हाम्रोलागी चुनौती बनेको छ । हालको विप्रेषणको सदुपयोगिता हेर्दा दिर्घकालिनरुपमा सकारात्मक उपलब्धी हुन सक्ने देखिदैन । विप्रेषणको साहि सदुपयोगिता गर्न परिवारका

सदस्यहरुहरुलाई समृद्ध जीवनको  आधारभूत आवधारणा, पारिवारिक लक्ष्य निर्धारण, आम्दानी  र खर्चको हर हिसाब, बजेट व्यवस्थान लगाएत परिवारको आर्थिक आवस्थालाई बलियो बनाउने, जीविकोपार्जन सहज तथा आफ्ना बालबालिकाहरुको भविष्य उज्ज्वल बनाउने उदेश्यले वैदेशिक रोजगारी गएका व्यक्तिहरुले पठाएका विप्रेषण लगायत प्रबिधि, सीप, दक्षता तथा नविन अनुभव हरुलाई सकेसम्म राष्ट्रमै लगानी गर्ने र उपलब्धीपूर्ण तथा उत्पादनमुखी बनाउनको साथै लागी वित्तीय सक्षरताको महत्व रहेको छ। बाबु बैदेशिक रोजगारमा जाने त्यसपछि छोरा पछी नाती जाने जुन बैदेशिक रोजगारको चक्र छ त्यस्ता चक्रहरुलाई न्यूनीकरण गर्नको लागी बैदेशिक रोजगारीमा आर्जन गरेको पूजीलाई उत्पादन मुलक क्षेत्रमा लगानी गरी बैदेशिक रोजगारीमा जाने पुस्तान्तर को चक्रलाई रोक्न वित्तीय सक्षरता अपरिहार्य रहेको छ । वित्तीय सक्षरता कक्षाको २१ सत्रको समापन सम्ममा सहभागीहरुको तल उल्लेखित  ४ थरि व्यवहारमा परिवर्तन  भएको हुनुपर्ने छ। सामी कार्यक्रम अन्तर्गतका प्रत्येक पालिकाहरुमा ४/४ वटाका दर ले कक्षाहरु संचालन भैरहेको छ।

**तालिका नं. ६ वित्तीय सक्षरता कक्षा संचालन गरिएको विवरण**

| स्थानीय सरकारको नाम | वार्षिक लक्ष्य (कक्षा संख्या) | समापन भएका (कक्षा संख्या) | सहभागी संख्या | | |
|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा |
| घोराही उप-महानगरपालिका | ४ | ४ | १११ | ० | १११ |
| तुल्सीपुर उप-महानगरपालिका | ४ | ४ | १०६ | १ | १०७ |
| लमही नगरपालिका | ४ | ४ | ९० | १ | ९१ |
| ववई गाउँपालिका | ४ | ४ | १०२ | २ | १०४ |
| जम्मा | १६ | १६ | ४०९ | ४ | ४१३ |




चित्र नं. ३ वित्तीय सक्षरता कक्षाको समापन सम्ममा सहभागीहरुको व्यवहारमा आएको परिवर्तन

## ६. स्थानीय तहहरुको योगदान :

 वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित, मर्यादित र उपलव्धीमूलक बनाउन सङ्घीय सरकारको  ससर्त अनुदान अन्तर्गत सुरक्षित आप्रवासन (सामी) कार्यक्रम   स्थानीयतहहरुले कार्यन्वयन  गरिरहेका छन्। दाङ जिल्लाको चारवटा स्थानीय तहहरु (घोराही उपमहानगरपालिका, तुलसीपुर उपमहानगरपालिका, लमही नगरपालिका र बबई गाउँपालिका)  कार्यक्रम संचालन भैरहेको छ। सङ्घीय ससर्त अन्तर्गत कार्यक्रमहरु संचालन भएतापनि  स्थानीय तहहरुले (कार्यक्रम लागु भएका/ नभएका) कार्यक्रमको प्रभावकारिता र महत्वलाई मध्यनजर गर्दै कार्यक्रमलाई

प्रभावकारी कार्यान्वयन र  दिगोरूपमा संचालन गर्न स्वयं बजेट बिनियोजन गरि विभिन्न क्रियाकलापहरु संचालन गरिरहेका छन्।

**तालिका नं. ७ स्थानीय तहहरुले विनियोज गरिएको बजेट / खर्च विवरण:**

| स्थानीत तह | चालु आस्थानीय .व. तहको योगदान (खर्च) | सञ्चलित क्रियाकलाप | कैफियत |
|---|---|---|---|
| घोराही उप महानगरपालिका | रु.१२,४५,०००/- | • बैदेशिक रोजगार सम्वन्धी प्रोफाइल अध्यावधिक<br>• सम्वन्धीत निकायसंगको सहकार्यमा बैदेशिक बैदेशिक रोजगरबाट फर्केर आएका सीपमुलक तथा स्वरोजगार प्रवर्दन तालिम)गड्यौलाको मल बनाउने वडा न १ ) १ . वटा( (१ वटा ) सरफ बनाउने तालिम ,(<br>• सुरक्षित आप्रवासन (सामी) कार्यक्रम तेस्रो चरण प्रगति विवरण प्रकाशन | विनियोजित रकम रु.१२,००,०००-/ |
| गरिरहेको तुलसीपुर उप महानगरपालिका | रु.७,११,४९०-/ | • टोल विकास सस्था का पदाधिकरिहरुलाई वडा / सचिवहरुलाई अभिमुखिकरण ३) वटा(<br>• १ जना परामर्शकर्ताको ब्यवस्था<br>• आप्रवासी स्रोत उप केन्द्र ब्यवस्था | विनियोजित रकम रु.१०,००,०००-/ |
| लमही नगरपालिका | रु.४,७२,६९७/- | • १ जना परामर्शकर्ताको ब्यवस्था<br>• आप्रवासी स्रोत उप केन्द्र ब्यवस्था | विनियोजित रकम रु.५,००,०००-/ |
| बबई गाउँपालिका | रु.२,२५,०००-/ | • टोल विकास सस्था का पदाधिकरिहरुलाई वडा / अप्रवासी कामदारहरुको संजाललाई /सचिवहरु अभिमुखिकरण ७ ) वटा( | विनियोजित रकम रु.२,२५,०००-/ |

| | | | |
|---|---|---|---|
| शान्तिनगर गाउँपालिका | रु.१,७०,०००/- | • सुरक्षित वैदेशिक रोजगार सम्वन्धी वडा र पालिका स्तरिय अभिमुखिकरण(३ वटा) | विनियोजित रकम रु.७,७५,०००-/ |
| **जम्मा** | **रु.२८,२४,१८७/-** | | **रु.३७.०००००/-** |

# <u>सफलताका कथाहरु.......</u>

## <u>सुरेन्द्रको उपचार खर्च कम्पनीले परिवारसंग मागे ९ लाख</u>

तुलसीपुर उपमहानगरपालिका-५ रानीजरुवाका ३२ बर्षिया सुरेन्द्र बस्नेत बिगत सात बर्ष देखि मलेसियालाई कर्मथलो बनाउदै आएका थिए। आमा, बुबा, श्रीमती र एक छोरा गरि चार जनाको परिवार भएका सुरेन्द्र परिवारको पालन पोषण गर्ने जिम्मेवारी पुरा गर्न, रोजगारीको लागि नेपाल देखि मलेसिया सम्मको बाटो तय गरेका थिए । घरको अन्य आम्दानी नभएको र नेपालमा रोजगारी नभएको कारण उनि बिहे गर्नु अगाडी देखि मलेसिया आउने जाने गरिरहन्थे। तर सधै मनले सोचेको जस्तो हुदो रहेनछ, यस पाली भने २९ आसर २०८० मा मलेसिया गएका सुरेन्द्रको जीवनमा ठुलो बज्रपात पर्यो । २०८० साल माघ को २८ गते सडक पार गर्ने क्रममा सडक दुर्घटना भयो। माघ को २९ गते परिवारलाई मलेसियाबाट आएको फोनले सुरेन्द्रको मृत्यु भएको खबर दियो। जसले परिवारलाई मर्माहित बनायो, तर त्यसको भोलि पल्ट फेरी आई.सि यु. मा रहेको र गम्भीर घाइते भएको खबर कम्पनीको




प्रतिनिधिले उन गारि जानकारी दियो। पछिल्लो खबरले परिवारमा सुरेन्द्रको परिवारमा आशाको दियो बलिदियो। दुर्घटनाको क्रममा उनको टाउकोको हड्डी फुटेको रहेछ, उनलाई उपचार गर्न कम्पनीले नै व्यवस्था गरेको थियो। तर उपचार निकै महँगो भएको कारण देखेर कम्पनीको प्रतिनिधिले परिवारसंग उपचार खर्च कम्पनीले गर्न नसक्ने र अहिले सम्म २० हजार रिंगेट खर्च भएको, बाँकि खर्च परिवारले पठाए उपचार हुने नत्र कम्पनीले उपचार नगर्ने

जानकारी गरायो। प्रत्येक महिनाको २३ तारिकमा २००० रिंगेट परिवारले मलेसिया पठाउनु पर्ने भयो। यो खबरले परिवारमा फेरी खलबली मचायो र रोजगारीकै सिलसिलामा कुवेत रहेका सुरेन्द्रका दाजु महेन्द्र संग परिवारले सल्लाह गरेपछि नेपालबाट मलेसिया पैसा पठाउने निर्णय भयो। मलेसियामै भएका सुरेन्द्रका बहिनि जवाईले पैसा सिधै कम्पनीको प्रतिनिधिलाइ दिन थाले। तिन पटक सम्म पठाउदा २ हजारका दरले ६ हजार भयो, नेपाली रुपैया झन्डै १ लाख ७४ हजार। घर परिवार लालन पालन गर्न महिनामा १५०० रिंगेट कमाउन गएका सुरेन्द्र को उपचार खर्च महिनामा २०००रिंगेट उल्टै पठाउन थाले पछि परिवारले आर्थिक बिपत्ति को सामना गर्न थाल्यो। उता सुरेन्द्रको थप उपचारको लागि ओप्रेसन गर्नपर्ने भयो जसको लागि ९००० रिंगेट लाग्ने र यो रकम पनि परिवारले तिर्नुपर्ने। नेपालीमा रहेको सुक गाड भन्दा थप गाड उखान जस्तो भयो सुरेन्द्रको परिवार, यदि उपचार गर्न ढिलाई गर्ने हो भने उनको ज्यान जोखिममा, गर्ने हो परिवारमा आर्थिक बिपत्ति छ। उता कम्पनीको प्रतिनिधिले उपचार नगर्नेहो भने नेपाल फर्काऊ र फर्काउन ५०००० रिंगेट लाग्ने र उनको उपचार र स्याहारमा खटिने कर्मचारीको खर्च पनि परिवारले तिर्नुपर्ने दवाब कम्पनीको प्रतिनिधिले दिईरहेको थियो। यसै सिलसिलमा सुरेन्द्रका परिवारलाई छिमेकेले तुलसीपुर उपमहानगरपालिका जान र सहयोग माग्न सुझाए र यहि सुझावले सुरेन्द्रकि श्रीमती नम्रता तुलसीपुर उपमहानगरपालिका पुगिन। तुलसीपुर उपमहानगरपालिकाले नम्रतालाई आप्रवासी श्रोत उपकेन्द्रमा पठायो र त्यसपछि सुरेन्द्रको उपचार र उद्दारको लागि पहल सुरु भयो। कम्पनीले सुरेन्द्रको दुर्घटनाको जानकारी मलेसिया स्थित राजदुतावासलाई जानकारी नगराएको कारण उद्दार गर्न बिलम्ब भयो। उद्दारकार्यमा प्रवासी समन्वय समिति काठमाडौँमा रहेको टोली र त्यसका मलेसियामा रहेका कर्मचारीहरुको राजदुतावाससंगको समन्वयमा आहम भूमिका रह्यो। आप्रवासी श्रोत केन्द्र र PNCC को अथक प्रयास पछि राजदूतावास को सहयोगमा सबै शुल्क कम्पनिले तिर्ने गरि जुन ३ मा नेपाल फर्काउन सफल भयो। अहिले ओपेरेशन पछि सुरेन्द्रको स्वास्थमा सुधार भएको छ र आहिले उनि परिवारसंग घरमै छन्। २०२४ जुलाई ७ मा सुरेन्द्रको श्रीमतीसंग फोन सम्पर्कमा सुरेन्द्रले बोल्न थालेको खुशी हुदै सुनाईन- 'एआ दुख्यो भन्नु हुन्छ, खान मन लागेको खानेकुरा माग्नु हुन्छ ।

## सिप तालिम सिकेर आएको खुशी

घोराही -१८ कि ५० वर्षीय आशा चौधरीले खुशी हुदै सामी कार्यक्रमका कर्मचारीसंगको भेटमा छोरी सिर्जनाले फोनमा गरेको कुरा सुनाइन् - " छोरि ले गएदेखि ८०००० पठाईसकेकी छि, र आमा रिण तिर्ने छोरी छदै छे किन चिन्ता गर्नु हुन्छ, सीप सिकेर मलाई बिदेसमा कामगर्न एकदम सजिलो छ भन्छी, सामी कार्यक्रमलाई धेरै धेरै धन्यावाद छ। सामी कार्यक्रमबाट सीप सिकेर बैदेशिक रोजगारमा गएका नेपाली कामदारहरु मध्ये कि एक हुन घोराही-१८ निवासी २१ बर्षीया सिर्जना चौधरी अहिलेको बैदेशिक रोजगारीको लागी जोर्डन पुगेकी छिन्। घरको कम्जोर आर्थिक आवस्था, बिरामी बाबु, काम नगर्ने दाई को कारणले आमा र आफुले आंशिक कामदारकोरुपमा अरुको घर/ घरमा भाडा सफा गर्ने काम गर्ने गर्थिन।

यहि कमाईले ६ जना को परिवार पालिनु पर्ने र घर बनाएको रिण तिर्ने गरेको  आमाको पीडालाई नजीकबाट  नियालेकी सिर्जनाले बैदेशिक रोजगारमा जाने निर्णय गरिन । जिल्ला प्रशासन कार्यालयमा राहदानी बनाउन जाँदा आप्रवासी श्रोत केन्द्रको सम्पर्कमा पुगेपछि, उनि सीप सिकेर  बैदेशिक रोजगारमा जाने निर्णय गरिन । कार्तिक २०७९ मा उनि तालिम लिन काठमाण्डौ पुगिन । तालिम लिएको झन्डै १ बर्षमा उनि जोर्डन पुगिन र गएको एक बर्ष हुन थाल्यो उनि गार्मेन्ट अपरेटर मा काम गरिरहेकी छिन् । मासिक कमाई बेसिक ३०००० हुने गरेको छ । सीप सिकेर कमाई गरि आमालाई रिण तिर्नमा सहयोग गरिरहेकी छिन् उनि गएको तिन महिना हुदा सिर्जनाको आमासँगको भेटमा ८० हजार नेपाल पठाएको जानकारी गराउनु भएको थियो । यसै गरि



सुरक्षित आप्रवासन (सामी) कार्यक्रम आफ्नो सुरुवाती चरण देखि नै बैदेशिक रोजगारलाई






सुरक्षित, व्यवस्थित र उपलब्धिमुलक बनाउन उल्येख्यनीय भूमिका खेलेको छ । यसै सिलसिलामा कार्यक्रमको ५ वटा संभागहरु मध्ये सीप बिकास तालिम पनि महत्त्वपूर्ण पाटो रहेको छ । बिदेशिक रोजगारमा बिना सीप जाने र बिदेसमा भनेको काम, दाम नपाउने नेपालीहरुको पुरानो समस्यालाइ केहि हद सम्म व्यवस्थित गर्न कार्यक्रम सफल भएको छ । यसै शिलशिलामा सिप तालिम लिएर वैदेशिकबैदेशिक रोजगारीमा सामी कार्यक्रमले दिएको  बिल्डिंग इलेक्ट्रीसीयनको तालिम लिएर बैदेशिक रोजगारीमा  ६ वर्ष आगाडी साउदी गएका घोराही-१० नारायणपुरका सरोज के.सी अहिले इलेक्ट्रीसीयनको काम गर्दै आएका छन् । मासिक तलब ७०००० कमाउने सरोज सीप तालिमको कारणले भनेको काम र राम्रो दाम पाएको कारण आहिले पनि सामी कार्यक्रमका तत्कालिन रिटर्नी स्वंम सेवककोरुपमा कार्यरत गिरिराज वलीसँग सामाजिक संजालमा आवद्द छन् र तालिममा जान  गिरिराजले गरेको सहयोग प्रती आभारी रहेको सुनाउछन ।

# कार्यक्रमका झलकहरु........

- रोजगार सेवा केन्द्रसंगको समन्वय बैठक तथा अभिमुखिकरण कार्यक्रममा आफ्ना भनाइ राख्दै प्रमुख प्रशासकीय अधिकृत ऋषिराम के.सी- घोराही उपमहानगरपालिका






- मनोसामाजिक परामर्श सेवा प्रदान गर्दै मनोसामाजिक परामर्शकर्ताहरु क्रमसः तुलसीपुर,बबई,घोराही र लमही





- वित्तीय सक्षरता कक्षा संचालन, सहभागीहरुलाई प्रमाणपत्र वितरण, स्थानीय तह प्रमुख, उप प्रमुख द्वारा कक्षा अनुगमन तथा वित्तीय सक्षरता कक्षाका सहभागीहरुलाई सराफ बनाउने तालिम लगाएतका झलक क्रमसः घोराही, बबई, लमही र तुलसीपुर )




- **वडा स्तरिय र पालिका स्तरिय अभिमुखीकरण कार्यक्रम  क्रमसः घोराही उपमहानगरपालिका र लमही नगरपालिका( टोल विकासका प्रमुख, वैदेशिक रोजगारवाट फर्किएका ब्यक्तिकाका संजालका सद्स्याहरु र जनप्रतिनिधिहरु)**







- रोजगार संयोजक र रोजगार सहायकहरुलाई पुन: श्रम स्विकृती सेवा सम्वन्धी अभिमुखिकरण कार्यक्रम( घोराही), आप्रवासी स्रोत केन्द्र अनुगमन ( गेहेन्द्र डाँगी-प्रमुख प्रशासकीय अधिकृत तुलसीपुर उपमहानगरपालिका, सावित्री राना- सहायक प्रमुख जिल्ला अधिकारी र  लक्ष्मी योगी- लमही नगरपालिका)









- **अन्तर्राष्ट्रिय आप्रवासन दिवसमा बैदेशिक रोजगारमा ज्यान गुमाएका व्यक्तिहरुको सम्झनामा दिप प्रज्योलन कार्यक्रम, वैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरुलाई सामी कार्यक्रम र वडा न. १ को लागत साझेदारीमा प्रदान गरिएको गडयौलाको मल बनाउने तालिम पश्चात उनीहरुले गरेको उत्पादनको अनुगमन गर्दै घोराही उपमहानगर पालिका अनुगमन समिति।**






MADE WITH
Collage Maker

- वित्तीय साक्षरताकक्षा का सहभागीहरुलाई कक्षाको समापन पश्चात प्रमाण पत्र वितरण गर्दै उपमेयर- तुलसीपुर उपमहानगरपालिका, जनप्रतिनिधिहरुसंगको अन्तरक्रिया कार्यक्रममा आफ्ना भनाइ राख्दै मेयर- तुलसीपुर उपमहानगरपालिका ।

## आ.व. २०८०/८१ को वित्तिय प्रगति :

| स्थानीय तहको नाम | आ.व. २०८०/८१ को विनियोजित बजेट | आ.व. २०८०/८१ को हाल सम्मको खर्च | बाँकी रकम | खर्च प्रतिशत |
|---|---|---|---|---|
| घोराही उपमहानगरपालिका | ६९,००,०००/- | ६३,२४,३५९/- | ५,७५,६४१/- | ९१.६५% |
| तुलसीपुर उपमहानगरपालिका | ३०,००,०००/- | २७,३९,९२४/- | २,३०,०७६/- | ९१.३% |
| लमही नगरपालिका | २३,००,०००/- | २२,०७,१५५/- | ९२,८४५/- | ९५.९% |
| बबई गाउँपालिका | २३,००,०००/- | २२,२१,३०२/- | ७८,०००/- | ९५.५% |
| जम्मा | १,४५,००,०००/- | १,३४,९२,७४०/- | ९,७६,५६२/- | ९३% |